# अख्तियार दुरुपयोग अनुसन्धान आयोग

## टंगाल, काठमाडौं

मितिः २०८०।१०।२४ गते।

# प्रेस विज्ञप्ति

**विषयः <u>नियन्त्रणमा लिइएको ।</u>**

नापी कार्यालय, कलंकी, काठमाडौंमा कार्यरत सर्भेक्षक लक्ष्मी प्रसाद चौलागाई र राजधानी लेखापढी सेवाका लेखापढी कर्मचारी नेत्र बहादुर पोखरेलले जग्गा हालसाविक एवं कित्ताकाट गरी पूर्जा उपलब्ध गराइदिने प्रयोजनार्थ सेवाग्राहीसँग घुस/रिसवत माग गरिरहेको भन्ने सूचना एवं उजुरी निवेदनका आधारमा अख्तियार दुरुपयोग अनुसन्धान आयोग, टंगालबाट खटिई गएको टोलीले सर्भेक्षक लक्ष्मी प्रसाद चौलागाई र लेखापढी कर्मचारी नेत्र बहादुर पोखरेललाई सेवाग्राहीबाट रु.१,००,०००।—(एक लाख रुपैयाँ) घुस/रिसवत लिइसकेको अवस्थामा उक्त रकमसहित नापी कार्यालय, कलंकीबाट आज मिति २०८०।१०।२४ गते नियन्त्रणमा लिई थप अनुसन्धान भइरहेको छ।

प्रवक्ता  
नरहरि घिमिरे